नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
neba@nepalbar.org.np
वेब: www.nepalbar.org
www.nepalbar.org.np

प.सं. २०७७/७८

मिति: २०७८/०२/११

## प्रेस-विज्ञप्ति

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सचिव
मनोजकुमार चौधरी

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी

नेपालको संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी मौलिक हक बमोजिम वर्तमान महामारीका बेला नेपाली जनतालाई अविलम्ब खोप, अक्सिजन तथा अन्य आबश्यक स्वास्थ्य सामाग्रीहरु प्रयाप्त मात्रामा उपलब्ध गराई जनताको उपचार गरी जीवन रक्षा गर्नको लागि नेपाल सरकार समक्ष जोडदार माग गर्दछौं । महामारीका कारणले दिवंगत हुनु भएका श्रद्धेय कानून व्यवसायी लगायत सबै प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवार प्रति समवेदना प्रकट गर्दछौं साथै उपचाररत सबैजना प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

मिति २०७८।२।८ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सम्माननीय राष्ट्रपति समक्ष भएको सिफारिश तथा सोही आधारमा सम्माननीय राष्ट्रपति ज्यूबाट भएको प्रतिनिधि सभाको विघटनको निर्णय प्रति नेपाल बार एशोसिएसनको ध्यानाकर्षण भएको छ ।

नेपालको संविधानको धारा ७६(३) को प्रक्रिया प्रारम्भ भए पछि नियुक्त हुनु भएका सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीले संविधानको धारा ७६(४) बमोजिम प्रतिनिधि सभामा तीस दिन भित्र अनिवार्य रुपमा विश्वासको मत लिनु पर्नेमा नलिई सरकारलाई विश्वासको मत प्राप्त हुने दह्रो राजनीतिक आधार नदेखिएकोले मार्ग प्रशस्त गरेको छु भनी गर्नु पर्ने राजीनामा समेत नगरी मन्त्रिपरिषदबाट निर्णय गराई सम्माननीय राष्ट्रपतिलाई अर्को सरकार गठन गर्नका लागि सिफारिश गरेको कुरा आफैंमा असंबैधानिक कार्य हो । तत्पश्चात प्रधानमन्त्री तथा मन्त्रिपरिषदको सिफारिश बमोजिम सम्माननीय राष्ट्रपतिले एक दिन भन्दा कमको समय दिई नेपालको संविधानको धारा ७६(५) बमोजिम अर्को सरकार गठनको लागि आव्हान गरेकोमा आवश्यक बहुमत सहित माननीय सांसदहरुको हस्ताक्षर सहित प्रधानमन्त्रीका लागि विपक्ष गठबन्धनले दावी प्रस्तुत गरेकोमा सो लाई अनदेखा गरी प्रतिनिधि सभाको विश्वासको मत लिन असफल भई अल्पमतमा परिसकेको र बहुमत देखाउन नसक्ने भनी स्वयंले घोषणा गरी सकेको माननीय श्री के.पी.शर्मा ओलीज्यूलाई प्रधानमन्त्रीमा निरन्तरता दिएको कार्य र बदनियतका साथ सम्मानित प्रतिनिधि सभालाई विघटन गरेको कार्यका साथै प्रतिनिधि सभा छल्नको लागि विघटन गरी अध्यादेशबाट देश चलाउन खोजेको कार्य असंबैधानिक, अलोकतान्त्रिक कार्य हो भनी नेपाल बार एशोसिएसन ठहर गर्दछ ।

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
neba@nepalbar.org.np
वेब: www.nepalbar.org
www.nepalbar.org.np


प.सं.

मितिः


केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सचिव
मनोजकुमार चौधरी

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी


यस किसिमका असंबैधानिक कार्यले संवैधानिक सर्वोच्चता, विधिको शासन तथा मानव अधिकार समेतको हनन भई संविधान नै संकटमा पुगेको छ । नेपालको संविधानले निर्देशित गरेका प्रक्रिया अवलम्बन गरी संवैधानिक संकटको समाधान तथा निकास दिनु पर्नेमा सो प्रक्रिया पुरा नगरी संविधान विपरित प्रतिनिधि सभा विघटन गर्ने र निर्वाचनको मिति तोक्ने गरी मन्त्रिपरिषदबाट मिति २०७८।०२।०८ मध्यरातमा सम्माननीय राष्ट्रपतिज्यू समक्ष गरेको सिफारिश बमोजिम हठात रुपमा संविधानको पालन र संरक्षण गर्नु पर्ने कर्तव्य बोकेका सम्माननीय राष्ट्रपतिज्यूबाट प्रतिनिधि सभाको विघटन गरी यस्तो महामहामारीको विषम परिस्थितिमा निर्वाचनको मिति घोषणा गरेको असंबैधानिक निर्णय प्रति नेपाल बार एशोसिएशन गम्भीर आपत्ति प्रकट गर्दछ र सो असंबैधानिक निर्णय अविलम्ब खारेज गर्न जोडडार माग गर्दछ ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव

वरिष्ठ अधिवक्ता चण्डेश्वर श्रेष्ठ
अध्यक्ष

नेपाल बार एशोसिएशन
Nepal Bar Association